आज मिति २०७७/११/२५ गते विहिवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिलकुमार पाण्डे | सचिव |

Scanned with CamScanner

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१. अपाङ्ग अशक्तहरुका लागि आय आर्जन कार्यक्रम संचालन सम्बन्धमा ।

२. वादी जातिका लागि वाखापालन कार्यक्रम सम्वन्धमा ।

३. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. पशुपन्क्षी विकास शाखामा औषधी व्यवस्थापन सम्बन्धमा ।

५. समपूरक तथा विशेष अनुदानका आयोजना छनौट सम्बन्धमा ।

६. विविध तथा प्रासंगिक विषयहरु ।

**निर्णय नं १**

प्रस्ताव नं १ माथि आवश्यक छलफल गर्दा यस शिवालय गाउँपालिकाको छैठौ गाउँसभावाट स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत अपाङ्ग अशक्तहरुका लागि आय आर्जन कार्यक्रम को लागि विनियोजन रकम रु २,५०,०००। श्री मालिका अपाङ्ग सञ्जाल शिवालय गा पा वडा नं ३, जाजरकोट पेश भएको प्रस्ताव स्वीकृत गरी गाउँपालिकाको पशुपन्क्षी विकास शाखाको सहजिकरणमा सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा यस शिवालय गाउँपालिकाको छैठौ गाउँसभावाट स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत वादि जातिका लागि वाखा पालन कार्यक्रम को लागि विनियोजन रकम रु २,००,०००। श्री वादि सञ्जाल समिति शिवालय गा पा वडा नं ३, जाजरकोट पेश भएको प्रस्ताव स्वीकृत गरी गाउँपालिकाको पशुपन्क्षी विकास शाखाको सहजिकरणमा सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा यस शिवालय गाउँपालिकाको मिति २०७७।११।२२ गते बसेको गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा यस शिवालग गाउँपालिकाको पशुपन्क्षी विकास शाखा र कृषि विकास शाखामा औषधी तथा विउविजनको अभाव भएकोले औषधि तथा विउविजन खरिद गर्नको लागि रु १/१ लाख विनियोजन गर्ने र उक्त रकम समपुरक कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयद्धारा मिति २०७७/११/०२ मा प्रकाशित **आ.व. २०७८/७९ को लागि समपुरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव आह्वान सम्बन्धी सुचना** बमोजिम यस गाउँपालिकाको आगामि आ.व. २०७८/७९ मा सञ्चालन गरिने बार्षिक विकास-कार्यक्रममा देहायका आयोजनाहरु छनौट गर्नेगरी समपुरक तथा विशेष अनुदान रकम मागका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| समपुरक अनुदानतर्फ | विशेष अनुदानतर्फ |
|---|---|
| टाटा तिमिले पाखा सडक निर्माण शिवालय ४ | विरेन्द्र मावि भवन निर्माण जुँगाथापाचौर शिवालय ७ |
| नेपाखोला राख्मा सडक स्तरोन्नति शिवालय ३ | सरस्वती मावि भवन निर्माण रोकायजाँत शिवालय ६ |
| ऐरेली खनेटा सडक निर्माण शिवालय २ | नेरा मावि भवन निर्माण स्याप्री शिवालय १ |
| सिमा लयकाँडा सडक-निर्माण शिवालय ३ | |

## निर्णय नं. ६

प्रस्ताव नं.७ मा छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस शिवालय गाउँपालिकामा रोजगार संयोजक पदमा कार्यरत श्री प्रकाश पौडेल को करार अवधि मिति २०७७।११।२५ गते सकिएकोले रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ को दफा २३ बमोजिम मिति २०७७।११।२५ देखि लागु हुने गरी करार सेवा अवधि एक वर्ष थप गर्ने निर्णय गरियो । र थप सेवा सुविधा वापत महँगी भत्ता मासिक रु २,०००। का दरले सम्झौता बमोजिम गाउँपालिकावाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं ९ माथि आवश्यक छलफल गर्दा यस शिवालय गाउँपालिकाको मोर्कखोला देखि जाँत खोला सम्म मिति २०७७ भाद्र २ गतेदेखि विभिन्न समयमा आएको बाढीले बगाएको घट्टहरुको तथ्याङ्क संकलन गरी पाइप, भुने र मिस्त्री ज्याला सहितको रकम समपुरक कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

यस शिवालय गाउँपालिका वडा नं ५ स्थीत मौला पुजामा भएको खर्च रु २०,५००। चालु तर्फको विविध खर्चवाट श्री कहरु शाहीलाई भुक्तानी दिने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

## निर्णय नं. ९

यस शिवालय गाउँपालिका वडा नं २ निवासी श्री नरेन्द्र राज शर्मालाई क्यान्सर भै उपचार भै रहेकोले घरको आर्थिक अवस्था कमजोर भएकोले १ लाख आर्थिक सहयोग गर्ने र उक्त रकम आर्थिक सहायता शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं.१०

यस शिवालय गाउँपालिका वडा नं ५ स्थीत मेल्सीना दलितटोल मा मिति २०७७ भाद्र २ गते आएको वाढीले खानेपानी योजनालाई बगाएकोले प्राविधिक लागत अनुमान तयार गरी मर्मत गर्ने र रकम समपुरक कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं.११

यस शिवालय गाउँपालिकामा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय जाजरकोटको आयोजनामा संचालन हुने होजियारी, ढाका बुनाइ, ग्यारेंज वर्क सप होटेल व्यवस्थापन तालिम का लागि गापाको केन्द्र मा हुने तालिममा वडा नं ३,२, ८ र शिवालय गापा केन्द्रमा रहने सहभागीहरुवाहेक अन्यलाई मासिक खाना खर्च गापाले वेहोर्ने र उक्त रकम समपूरक कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/११/२५ मा बसेको सन्ताउन्नौं बैठकवाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner